संघीय संसद
प्रतिनिधि सभा

# शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति

प. स.: २०७९/०८०
च. न.: ३६

सिंहदरबार, काठमाडौं।

प्रतिनिधि सभा शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति संघीय संसद नेपाल २०७५

मिति–२०८०/०२/३२

माननीय मन्त्री ज्यू

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

विषय– निर्देशन कार्यान्वयन सम्बन्धमा।

प्रस्तुत विषयमा शिक्षा,स्वास्थ्य तथा सूचना प्रविधि समितिको मिति २०८०/०२/३१ को निर्णयानुशार तपसिलको निर्देशन कार्यान्वयन गराउनुहुन निर्देशानुशार अनुरोध गर्दछु।

तपसिल

१.काजमा कर्मचारी बस्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै दुर्गम स्थानमा रिक्त रहेका दरवन्दीमा चिकित्सकहरुको तथा नर्सहरुको शीघ्र व्यवस्थापन गर्ने।

२.निर्माणाधिन अस्पतालहरु तोकिएको समयसीमामा सम्पन्न गरी सेवा सुचारु गर्ने।

३.जिल्ला अस्पतालहरुलाई सुविधा सम्पन्न ५० शैयाको अस्पताल बनाइ सहज स्वास्थ्य सेवा उपलब्ध गराउने।

४.हाल विरगञ्ज,वाके लगायत अन्य ठाउँमा फैलिएको दादुरा महामारीको रोकथाम गर्न तत्काल प्रक्रिया अघि बढाउने।

५.डाइलासिस गर्नुपर्ने मृगौला पीडितहरुको लागि सहज स्वास्थ्य पहुँच उपलब्ध गराउन आवश्यक नीतिगत एवं कार्यगत व्यवस्था मिलाउने।

६. स्वास्थ्य क्षेत्रको जनशक्ति उत्पादन र जनशक्तिको खपतवीच उचित तालमेल मिलाउन आवश्यक योजनागत ,संस्थागत एवं कार्यविधिगत संयन्त्रको व्यवस्था गर्ने

Phone: 01 4211865 Website: www.parliament.gov.np E-mail: eahcommittee@parliament.gov.np

७.Specialized Burn Centre को विकास गर्न किर्तिपुरको वर्न अस्पताललाई जनशक्ति सम्पन्न तथा well Equipped बनाउने ।

८.नेपालमा बढ्दो आत्महत्याको कारण पहिचान गरि मृत्युदर न्यूनीकरण गर्न निरोधात्मक ,उपचारात्मक र प्रवर्धनात्मक विधिको उपयोग गर्ने ।

९.दक्ष जनशक्तिको राष्ट्रिय खपत बढाइ जनशक्ति पलायनलाई निरुत्साहित गर्ने ।

१० स्वास्थ्य क्षेत्र सम्बन्धी विविध पक्षको Central Data Bank तयार गर्ने.।

११.अस्पतालमा हुने अत्यधिक चाप र भिडभाड व्यवस्थित गर्न टोकन प्रणालि तथा e-ticketing को व्यवस्था गर्ने

१२.प्रसुति सेवालाई सरल,सहज र पहुँचयोग्य बनाउने ।

निर्मलादेवी लामिछाने (वस्ती)

समिति सचिव